बैठक संख्या - ६०

समयः- बिहान ८.३० बजे

आज मिति २०८१ साल असोज महिनाको १० गते विहिबारको दिन हुप्सेकोट गाउँकार्यपालिकाको कार्यालयमा यस गाउँपालिका अध्यक्ष श्री लक्ष्मीदेवी पाण्डेज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी निम्नानुसारको उपस्थितीमा छलफल गरी देहाय अनुसारको निर्णय गरियो ।

**उपस्थिती**

श्री लक्ष्मी देवी पाण्डे – अध्यक्ष
श्री पूर्ण सिं राना मगर – उपाध्यक्ष
श्री रेवती सारु (मगर) – कार्यपालिका सदस्य एवं गाउँपालिका प्रवक्ता
श्री प्रेम बहादुर घर्ती - कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं १
श्री कृष्ण बहादुर थापा - कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं २
श्री विष्णु राना (मगर) - कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ३
श्री महेन्द्र पाण्डेय - कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ४
श्री पदम बहादुर राना मगर - कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ५
श्री छम बहादुर सोमै मगर - कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ६
श्री उर्मिला महतो - कार्यपालिका सदस्य
श्री तुलीसरा सोमै मगर - कार्यपालिका सदस्य
श्री बिनीसरा ढेंगा मगर - कार्यपालिका सदस्य
श्री मोतीलाल कुमाल - कार्यपालिका सदस्य
श्री केमान सिंह - कार्यपालिका सदस्य
श्री हरि प्रसाद पराजुली - प्रमुख प्रशासकिय अधिकृत, सदस्य – सचिव

अन्य उपस्थिती –
श्री राजेन्द्र प्र. रेग्मी - लो.अ.
श्री राधे काफ्ले - प्र.अ.
श्री रोजी खनाल - लेखापाल

मिति २०८१ असोज महिनाको १० गतेको कार्यपालिकाको बैठकका निर्णयहरु

**प्रस्ताव नं. १ - भगिनी सम्बन्ध कायम गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १,**

प्रस्ताव नं. १ माथि छलफल गर्दा देशकै उत्कृष्ट र विकासको नमुना स्थानीय सरकारको शाख बनाउन सफल तपसिलका स्थानीय सरकारसँग असल अभ्यासको आदानप्रदान गर्नका लागि भगिनी सम्बन्ध कायम गर्नका लागि यस गाउँ कार्यपालिकाबाट सर्वसम्मतिले निर्णय गरियो ।

तपसिल:-

| क्र.स. | स्थानीय सरकारको नाम | स्थानीय सरकार भएको प्रदेश | कैफियत |
|---|---|---|---|
| १ | ललितपुर महानगरपालिका | बाग्मती प्रदेश | |
| २ | हेटौंडा उपमहानगरपालिका | बाग्मती प्रदेश | |

**प्रस्ताव नं. २ :- समिति गठन सम्बन्धमा ।**

**निर्णय नं. २,**

प्रस्ताव नं. २ माथि छलफल गर्दा मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका रोगीहरुलाई औषधि उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धि कार्यविधी, २०७८ को परिच्छेद १ को २(ग) मा भएको व्यवस्था अनुसार तपसिल बमोजिमको सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:-

१. श्री छम बहादुर सोमै मगर - अध्यक्ष
२. श्री रेवती सारु - सदस्य
३. श्री उर्मिला महतो - सदस्य
४. श्री लिला बहादुर ठाडा - सदस्य
५. श्री जस बहादुर खाम्चा - सदस्य
६. श्री सुन बहादुर खाम्चा - सदस्य
७. श्री राजेन्द्र प्रसाद पराजुली - सदस्य सचिव

CamScanner